चिनियाँ कम्पनीमाथि अमेरिकाले फेरि प्रतिबन्ध लगायो

चीनले भन्यो– 'चाइना टेलिकम'माथि अमेरिकी प्रतिबन्ध 'द्वेषपूर्ण दमन'

वासिङटन, कात्तिक ११ । अमेरिकाले चीनको ठूलोमध्येको एउटा दूरसञ्चार कम्पनीको प्रतिबन्ध फेरि थुँगाएको छ । राष्ट्रिय सुरक्षामा खतरा हुनसक्ने भन्दै यो निर्णय लिइएको बीबीसीले उल्लेख गरेको छ ।

अमेरिकाले चाइना टेलिकमलाई अबको ६० दिनभित्र अमेरिकामा सेवा दिन पूर्ण रोक्नुपर्ने भन्दै प्रतिबन्ध लगाएको हो । सरकारी अधिकारीहरूले चिनियाँ सरकारको कम्पनीमा नियन्त्रण हुँदा यसलाई सूचनाको पहुँच, भण्डारण, अवरोध र अमेरिकी दूरसञ्चारको गलत रूट गर्न अवसर मिलेको अमेरिकी आरोप छ । यसले अमेरिकाविरूद्धका जासुसीसहितका हानिकारक गतिविधि गर्न सजिलो हुने अमेरिकाले जनाएको छ ।

विगत २० वर्षयता उक्त कम्पनीले अमेरिकामा दूरसञ्चार सेवा प्रदान गर्दै आएको छ । कम्पनीले अमेरिकी निर्णयलाई दुःखद भनेको छ । 'ग्राहकलाई सेवा गर्न उपलब्ध सबै विकल्प प्रयोग गर्ने कम्पनीले जनाएको छ । चिनियाँ दूरसञ्चार बजारमा प्रभुत्व जमाइरहेका तीनमध्ये चाइना टेलिकम पनि पर्छ । यो कम्पनीका एक सय ५० देशमा दशौं लाखौं ग्राहक छन् । यसले ब्रोडब्यान्ड इन्टरनेटदेखि मोबाइल हुँदै ल्यान्डलाइन टेलिफोन नेटवर्कसम्ममा सेवा उपलब्ध गराउँछ ।

अमेरिकी ट्रेजरी सेक्रेटरी जानेट येलेनले चिनियाँ उपप्रधानमन्त्री लिउ हेसँग गरेको वार्तालगतै बाइडेन प्रशासनले यस्तो निर्णय लिएको बताइएको छ । यो बैठकलाई दुई देशको बिग्रिँदो सम्बन्ध सुधारको रूपमा लिइएको थियो । व्यापार र ताइवान मुद्दामा दुई शक्तिसम्पन्न देशबीच मतभेद भइरहँदा भएको वार्ताप्रति आशावादी हुने अवस्था आएको रूपमा लिइएको थियो । अमेरिकी संघीय सञ्चार आयोग (एफसीसी)ले सन् २०२० अप्रिलमै चाइना टेलिकम अमेरिकाजलाई बन्द गर्ने चेतावनी दिएको थियो ।

चिनियाँ सरकारी नियन्त्रण कायम हुँदा कम्पनीले चीन सरकारप्रति उत्तरदायी हुने र यसले अमेरिकालाई असर गर्नसक्ने अमेरिकी आरोप छ । राष्ट्रिय सुरक्षाको नाममा चिनियाँ कम्पनीमाथि लगाइएको यो

पछिल्लो प्रतिबन्ध हो । गत वर्ष एफसीसीले डुवाये र जेटटीईलाई सञ्चार नेटवर्कका लागि खतरा भन्दै अमेरिकी कम्पनीलाई यी कम्पनीबाट सामग्री तथा उपकरण खरिद गर्न रोक लगाएको थियो । एफसीसीले सन् २०१९ मा चाइना मोबाइलको अमेरिकी लाइसेन्स पनि रद्द गरेको थियो । यसबाहेक चाइना युनिकम अमेरिकाज र प्यासिफिक नेटवर्कको लाइसेन्स पनि रद्द गरिएको थियो । सबै चिनियाँ कम्पनीमाथि चीन सरकारले अमेरिकामा जासुसी गर्न प्रयोग हुनसक्ने दाबी गर्दै आएको छ ।

यसैबीच, राष्ट्रिय सुरक्षाको चिन्तामा अमेरिकामा सेवा दिँदै आएको चिनियाँ दूरसञ्चार प्रदायक 'चाइना टेलिकम'लाई देशभित्र सञ्चालन गर्न प्रतिबन्ध लगाउने संयुक्त राज्य अमेरिकाको निर्णय 'द्वेषपूर्ण दमन' भएको बेइजिङले बिहीबार बताएको छ । बेइजिङले यसले विश्वका गर्ने दुई बलिया अर्थत्न्त्रले सम्बन्धमा सुधारका लागि गरिरहेको प्रयासमा प्रभावित पार्नसक्ने चेतावनी दिएको छ ।

व्यापार, मानव अधिकार, ताइवान र कोभिड-१९ महामारीलगायतका थुप्रै विषयहरूलाई लिएर यी दुई मुलुकहरूबीच तनाव रहेको देख्न सकिन्छ । यसै हप्ताको सुरुतिर वासिङ्टनले 'चाइना टेलिकम'लाई अमेरिकाजलाई ६० दिनभित्र आफ्नो सेवा बन्द गर्ने आदेश दिएपछि अमेरिकामा लगभग दुई दशकको सेवा अन्त्य गर्नुपर्ने अवस्था आएको र यसले चीन र अमेरिकाबीचको सम्बन्ध थप तनावपूर्ण हुनसक्ने अनुमान गरिएको छ ।

'चाइना टेलिकम'को 'चीन सरकारको स्वामित्व र नियन्त्रणले महत्वपूर्ण राष्ट्रिय सुरक्षा र कानून प्रवर्तनमा जोखिम उठाएको' अमेरिकी संघीय सञ्चार आयोगले बताएको छ । एफसीसीले भनेको छ, 'यसले बेइजिङलाई अमेरिकी सञ्चारमा पहुँच, भण्डारण, विघटन वा गलत मार्गका अवसरहरू प्रदान गरेको र यसले उनीहरूलाई अमेरिका विरूद्ध जासुसी र अन्य हानिकारक गतिविधिहरूमा संलग्न हुन सहज बनाएकोले उक्त निर्णय गर्नुपरेको हो ।'

तर बेइजिङले यस कदमलाई 'राष्ट्रिय सुरक्षाको अवधारणाको सामान्यीकरण, राष्ट्रिय शक्तिको दुरूपयोग र तथ्य वा आधारबिना चिनियाँ कम्पनीमाथिको द्वेषपूर्ण दमन' भन्दै उक्त कदमप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ । चिनियाँ वाणिज्य मन्त्रालयकी प्रवक्ता शु युटिङले पत्रकारहरूसँगको कुराकानीमा चीनको आर्थिक तथा व्यापार टोलीले संयुक्त राज्य अमेरिकासँग यस विषयमा 'गम्भीरतापूर्ण रूपमा कुरा राखेको' र बेइजिङ प्रतिबन्धबाट चिन्तित भएको बताए ।

माछाविवाद 'अन्त्य गर्न' बेलायतद्वारा फ्रान्सलाई आग्रह

लन्डन, कात्तिक ११ । पेरिसले गम्भीर प्रतिशोधको धम्की दिएपछि बेलायत सरकारले बिहीबार फ्रान्सलाई ब्रेक्जिटपछिको माछा मार्ने अधिकारमाथिको झन्झटिलो प्रक्रियालाई कम गर्न आग्रह गरेको छ ।

बेलायतका वातावरण मन्त्री जर्ज इसटिसले संसदलाई आफूले यूरोपेली सरकारका आयुक्त भर्जिनिजुस सिन्केभिसियससँग यस सम्बन्धमा छलफल गरेको बताउँदै भने, 'हामी शान्त रहनु आवश्यक छ र यसलाई हटाउनु महत्वपूर्ण छ ।'

बुधबार फ्रान्सेली अधिकारीहरूले नोभेम्बर २ देखि बेलायती माछा निर्यातलाई लक्षित गर्ने उपायहरूबारे चेतावनी दिएका छन् । यसमा फ्रान्ससा ल्याइएका उत्पादनहरूमा समय खर्च गर्ने सीमा नाका र स्वच्छता जाँच र समुद्री खाना अवतरणमा प्रतिबन्ध समावेश थियो ।

युरोप मन्त्री क्लेमेन्ट बिउनले यस महादेशको बेलायतको मुख्य व्यापारिक प्रवेशद्वारलाई खतरामा पार्दै च्यानल पार गर्ने 'अन्य मालसामान'मा पनि अतिरिक्त जाँच विस्तार गर्न सकिने कुरा बताए र पेरिसले जर्सी (विवादास्पद सामुद्रिक च्यानल) मा बिजुली आपूर्ति कम गर्ने धम्की पनि दिएको छ ।

'यस मामिलामा बेलायत सरकार विवादास्पद सामुद्रिक च्यानल जर्सीका बिषयमा खरो उत्रिनेछ', नेता जर्ज आस्टिसले भने । उनले बुधबारको बेलायतको मनाइलाई दोहोऱ्याउँदै फ्रान्सेली चेतावनीहरू 'निराशाजनक र असमान' रहेको र यसबारे सरकारले उचित प्रतिक्रिया दिने बताए ।

'फ्रान्सेली माछा मार्ने डुंगाबाट लाइसेन्स आवेदन दिनका लागि 'हामी प्रतिबद्ध छौं साथै नयाँ जानकारीबारे विमर्श गरिरहेका छौं', आस्टिसले थपे, 'हाम्रो तर्फबाट यसका लागि ढोका सधैं खुला रहन्छ ।'

बेलायतको यूरोपेली संघ (इयू) बाट बहिर्गमनपछि यस वर्षको सुरूमा पूर्ण प्रभाव पारेको हुनाले बेलायतले सात सय ३६ फ्रान्सेली जहाजहरूसहित आफ्नो विशेष आर्थिक क्षेत्रमा माछा मार्न ईयूका एक हजार छ सय ७३ जहाजहरूलाई अनुमति पत्र प्रदान गरेको कुरा उनले बताए । अहिले ईयू मुलुकका कुल एक सय २१ वटा डुंगालाई बेलायतको तटबाट ६ देखि १२ किलोमिटर टाढा माछा राख्न अनुमति दिइएको छ । यसमा एक सय तीनवटा फ्रान्सेली जहाजहरू पनि परिसकेका छन् ।

बेलायतले कुल ९८ प्रतिशत इयुको आवेदनलाई स्वीकार गरेको थियो र यस बिषयमा बेलायत ब्रसेल्स र पेरिस दुवैसँग 'रचनात्मक वार्ता' जारी राख्ने उनले बताए ।

VACANCY

HUAWEI

Huawei Technologies Nepal Company Private Ltd. is a telecommunication solution provider with long-term partnership with operators in Nepal. Working with our customers, we are committed to enriching people's lives through communication. Huawei is seeking for qualified candidates in following positions.

1. Position: Chief Executive Officer

No. of Person required: 1

Job Responsibilities:

- Determine a high quality business strategies and plan ensuring their perfect alignment with company's short-term and long-term business objectives and set the overall direction of the company in constantly changing competitive environment.
- Guide and drive other executives and High Level Managers along a main objective and work to increase business outside of the company.
- Maintain awareness of the competitive market landscape, business scope expansion opportunities, industry developments, etc. And Lead the development of the company's short- and long-term strategy.
- Balance objectives internally and externally in order to strengthen and sustain the company.
- Analyze the risks involved before making any major purchase or investment and advise or report to the board as to the potential for return on the investment.
- Manage the organizational budget and resource utilization.
- Responsible to execute strategies across the organization, also create policies for the organization and communicate them to the staff.
- Focus on business development and High-Level Management issues.
- Ensure all executive and administrative tasks are handled efficiently and effectively.
- Oversee quality control throughout the company, establishing goals for each department in partnership with division Managers.
- Build and develop the capabilities of top managers by introducing and implementing international practices, systems and strategies.

Qualification:

- Bachelor in Engineering (Information/Communication/Telecommunication).
- Minimum 10 years of experience preferably in telecom industry.
- In depth understanding of Nepal's as well as global telecom industry.
- An entrepreneurial mindset with outstanding organizational and leadership skills.
- Knowledge and experience of telecom network planning & optimization would be added advantage.
- Ability to communicate and understand customer requirements. Ability to recommend expert solutions and alternatives to the customers.
- Willingness to frequent travel for business purposes.
- Good proficiency in English language both spoken & written, organizer with proactive and friendly attitude.
- Ability to speak & write Chinese language is preferred.

Interested Candidates for the position are requested to send Job application and CV at nepal@huawei.com by 4th November 2021. Preference will be given to Nepalese citizen.

अधिकृत वारेसनामा बदर गरिएको सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा दिने का.जि.का.म.पा. वडा नं. ७ बस्ने हारिका पौड्देल (मा.प्र.नं. ११४४/२७३) निति २०३२/०४/२७ जि.का. काठमाडौं र लिने का.जि.का.म.पा. वडा नं. १२ बस्ने श्रीराम डंगोल (मा.प्र.नं. ६४८१/६४४० मिति २०४७/१०/२८ जि.प्र.का. काठमाडौं) लिने मई मिति २०६८/०४/१२/३, द.नं. १३६ को श्री काठमाडौं जिल्ला अदालतका मा.जि.न्या. श्री राजेन्द्र खरेलको इजलासबाट प्रमाणित मेरो नाममा मा.पी.का. कलकौना दर्ता रहेको का.जि. बलम्बु मा.वि.स. वडा नं. ४(क) कि.नं. २२० क्षे.फ. ०-८-०-० ए.ऐ. वडा नं. ३(ख) कि.नं. ६४० क्षे.फ. २-१४-३-० जम्मा बिक्री गर्ने प्रयोजनका लागि अधिकृत वारेस मुकरर मरेकोमा सो वारेस बमोजिमका कि.नं. ६४० को जम्मा मध्ये कि.का. मरी निज अधिकृत वारेसले बिभिन्न किता कायम मरी बिक्री मरी कि.नं. ६८४ क्षे.फ. २-४-१-० जम्मा मेरै नाममा बाँकी कायम रहेको अवस्थामा अब उप्रान्त वारेसनामामा उल्लेखित कार्य गर्न मं आफैं समर्थ भएकोले आजका मितिदेखि लागू हुने मरी सो साविक मुलुकी ऐन बमोजिम प्रदान मरेको अधिकृत वारेसनामा बदर गर्न साविककै कानूनी व्यवस्था भ.ए.अ.वं. ७१(ग) को देहाय दफा ३ बमोजिम यो सूचना प्रकाशित मरेको छ । अतः आज उप्रान्त सो अधिकृत वारेस बमोजिमको कार्य निज अधिकृत वारेस प्राप्त गर्न व्यक्ति श्रीराम डंगाल माफर्त बमर्नु नमराउनुहोला । मरे मराइएमा कानून बमोजिम हुने व्योहोरा समेत यसै सूचनाबाट जानकारी मराउँदछु ।

निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति: २०७८/०७/१२)

चौधरी मैनाबबमको नाति, महमद खलिल मिकरानीको छोरा, रौताहट जिल्ला, राजदेवी नगरपालिका वडा नं ६, बस्ने अली अख्तर मिकरानीको मिति २०७८/०१/२७ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको पुतलीसडक शाखामा रहेको बचत खाता नं.००१०००००६७३१०००००१ मा मौजात रहेको रकम भुक्तानी पाऊँ भनी निज खाताधालाको श्रीमती सैयद दिलशाद शाह ले यस बैंक शाखामा निवेदन दिनुभएको हुंदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए या सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्योहरा प्रमाणित हुने सक्कनै सबुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय पुतलीसडक, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्योहरा यसै सूचना मार्फत् जानकारी मराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सहीक आनि, सहीक आनि

शाखा कार्यालय पुतलीसडक फोन नं. : ०१-४२३२११२/१३

सनराइज बैंक लिमिटेड
शाखा कार्यालय, प्रिति

निक्षेप हकदावी सम्बन्धी ३५ दिने सूचना

श्री मान ध्वज सुनुवारको नातिनी, श्री डील्ली ध्वज सुनुवारको छोरी, रामेछाप जिल्ला, उमाकुण्डु न.पा./गा.पा. वडा नं. ५ बस्ने सुरसती माया सुनुवारको मिति २०७७/१०/०३ मा मृत्यु भएको कारण निजको नाममा यस बैंकको शाखा कार्यालय प्रितिमा रहेको खाता नं. ०९६०६२१४२४२१००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी निज मृतकको छोरा, श्री तिलक बहादुर सुनुवारले यस बैंकमा निवेदन दिनुभएको हुंदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए बैंक तथा बिलीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदाररहले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सबुत प्रमाण सहित दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा कानून बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । साथै, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्योहरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सनराइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
सहीमी बुझ-चाही

प्रधान कार्यालय तथा मुख्य शाखा: बबरमहल भन्सार, सिंहदरबार वरिपट, काठमाडौं
होल फि नम्बर: ९६०१११२२, फोन: ४०११६०६२, ४१०४०१०२, ४१०४०१०३, इमेल: info@sunrisebank.com.np

सनराइज बैंक लिमिटेड
शाखा कार्यालय, भैसेपाटी

निक्षेप हकदावी सम्बन्धी ३५ दिने सूचना

श्री झमक नाथ भण्डारीको नातिनी, उध्दव प्रसाद भण्डारीको छोरी, ३ नं. प्रदेश, ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १८ बस्ने नारायणी भण्डारीको मिति २०७८/०५/१७ गते निधन भएको भनी निजको नाममा यस बैंकको भैसेपाटी शाखामा रहेको खाता नं. ०४२१०२३१७२८०१४ मा रहेको निक्षेप रकम भुक्तानी पाँउ भनी निज मृतकको छोरी चन्दा पौडेलले यस बैंकमा निवेदन दिनुभएको हुंदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए बैंक तथा बिलीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदाररहले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा कानून बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । साथै म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्योहरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सनराइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
सहीमी बुझ-चाही

प्रधान कार्यालय तथा मुख्य शाखा: बबरमहल भन्सार, सिंहदरबार वरिपट, काठमाडौं
होल फि नम्बर: ९६०१११२२, फोन: ४०११६०६२, ४१०४०१०२, ४१०४०१०३, इमेल: info@sunrisebank.com.np

देवानगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवानगञ्ज, सुनसरी

१ नं प्रदेश, नेपाल

बोलपत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०७/१२

यस कार्यालयको चालू आ.व. २०७८/०७९ मा गाउँपालिकाको स्वीकृत कार्यक्रमअन्तर्गत तपसिलका बीउबीजन आपूर्ति गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम बोलपत्र पत्रको माध्यमबाट गर्नुपर्ने भएकोले नेपाल सरकारबाट बीउबीजन कार्यको लागि इजाजतप्राप्त निकायहरुबाट निम्न शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू :

१. मान्यताप्राप्त बोलपत्रदाताले यस कार्यालयको नाममा रहेको तपसिलमा उल्लिखित बैंकको खातामा जम्मा गरेको भौचर, बिड सेक्युरिटी बोलपत्र खोल्ने दिनदेखि ९० दिनसम्मको जारी भएको बैंक ग्यारेन्टी वा यस गा.पा.को धरौटी खातामा जम्मा गरेको बैंक भौचर, बीउ विजन व्यवासायीले बीउ विजनको कारोवारको लागि नवीकरण गरेको प्राप्त इजाजतपत्र, आयकर तथा मू.अ.क. दर्ता, प्रमाणपत्रको प्रतिलिपि र करचुक्ताको प्रमाणपत्र संलग्न राखी देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिनसम्म विद्युतीय प्रणालीबाट (E-Bidding) खरिद गर्न सकिनेछ । खरिद भएको फारम तथा कागजात ३१औं दिनको १२:०० बजेसम्म विद्युतीय प्रणालीबाट बोलपत्र बिड गर्न सकिनेछ ।

तपसिल : बैंकको नाम : एन आई सी एसिया बैंक, इनरुवा, सुनसरी । आन्तरिक राजस्व कोष खाता नं. २४३२०५००२६४५५००७ (बिड डकुमेन्ट रकमको लागि) धरौटी खाता नं. २४३CA५००२१९१७००२ (बिड सेक्युरिटी रकमको लागि)

२. दर्ता भएका बोलपत्रहरु अन्तिम दर्ता गर्नुपर्ने दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र पत्र खोल्ने कार्यमा कुनै बाधा पर्नेछैन । बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट खुलेको दिन सोहीबमोजिम हुनेछ ।

३. बोलपत्र पत्र भर्दा मू.अ.क.बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा बोलपत्रदाताको सहीछाप भएको हुनुपर्नेछ ।

४. रीत नपुगी वा म्याद नाघी आएको वा विभिन्न शर्त उल्लेख गरिएको बोलपत्रहरुउपर कुनै कारबाही हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. उन्नत स्तरको बीउ बुझाउन तयार गरिएको बोलपत्र काजगमा उल्लिखित ३५२२ हाइब्रिड पायोनियर जातको मकै बीउ र एन.एल.९७१ वा आदित्य जातको गहुँ बीउ बुझाउने स्थान र परिमाण बोलपत्र फारममा उल्लिखित भएबमोजिम हुनेछ ।

६. खरिद गरिने मकै बीउ र गहुँ बीउ प्रशोधित एवं उपचारित (मकै बीउ वेभिष्टिनले र गहुँ बीउ भाइटाभेक्सले वा सोसरहको नेपालमा पञ्जीकृत भएको बीउ उपचार गर्ने रोगनाशक विषादीले) मकैको बीउलाई ४ के.जी. क्षमताको प्लास्टिकको थैलामा र गहुँको बीउलाई ४० के.जी. क्षमताको जुट बोरामा क्रमशः ४ र ४० के.जी.का दरले ब्यागिङ, ट्यागिङ समेत गरी तयारी अवस्थाको बुझाउनुपर्नेछ । साथै बीउको उमार शक्तिलगायतका अन्य सम्पूर्ण गुणस्तरसम्बन्धी जिम्मेवारी बोलपत्रदाताको हुनेछ ।

७. मकै र गहुँ बीउको लागि बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुले बीजवृद्धि कार्यक्रमको लागि स्रोतबीउको रुपमा प्रयोग गर्न आवश्यक पर्ने मूलबीउ खरिद गरेको बिलको प्रतिलिपि समेत बोलपत्रसाथ पेश गर्नुपर्नेछ । साथै बीउबीजन प्रयोगशालाबाट बीजवृद्धि खेत निरीक्षण भएको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।

८. खरिद गरिने बीउको सम्पूर्ण विश्लेषणको परीक्षण (मार शक्ति, शुद्धता र चिस्यानको रिपोर्ट समेत) बीउ वितरण, गुणस्तर नियन्त्रण केन्द्र वा सो केन्द्रअन्तर्गतका क्षेत्रीय बीउ परीक्षण प्रयोगशालाबाट गराएको हुनुपर्नेछ ।

९. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ (संशोधनसहित), बीउबीजन ऐन र नियमावली २०६९ बमोजिम हुनेछ ।

१०. बोलपत्रपत्र पेश गर्दा बीउबीजन नियन्त्रण तथा गुणस्तर केन्द्रबाट बीउ उत्पादनको लागि पाएको अनुमति प्रमाण-पत्र पेश गर्नुपर्नेछ ।

११. यो सूचना देवानगञ्ज गाउँपालिकाको www.dewanganjmun.gov.np मा समेत राखिएको छ ।

तपसिल

क्र. सं.	ठेक्का नं.	विवरण	परिमाण	एकाइ	इस्टिमेट रकम (भ्याटबाहेक)	बिड सेक्युरिटी रकम (रु.)	बिड डकुमेन्ट रकम (रु.)	कैफियत
१	DRM/SEED SUPPLY/01/ 2078/079	गहुँ बीउ (एन.एल.९७१/ आदित्य वा सो सरह)	२३५८०	केजी	१७,४४,९२०।००	४५,०००।००	३,०००।००	
२	DRM/SEED SUPPLY /02/2078/079	मकै बीउ (३५२२ हाइब्रिड पायोनियर वा सो सरह)	२२२४	केजी	२४,२४,१६०।००	६१,०००।००	१,०००।००	